नेपाल सरकार

सहरी विकास मन्त्रालय

खानेपानी तथा ढल निकास विभाग

**२०७१ वैशाख देखि २०७२ आषाढ सम्मको त्रैमासिक अद्यावधिक सूचना विवरण**

**1. निकायको स्वरूप र प्रकृति,**

नेपाल सरकार सहरी विकास मन्त्रालय अन्तर्गत रहेको यस खानेपानी तथा ढल निकास विभाग नेपाल राज्यभरिका सम्पूर्ण बस्तीहरूमा स्वच्छ खानेपानी तथा जन चेतना अभिवृद्धि सहित सरसफाइ सुविधा समुचित रूपमा उपलब्ध गराउन नेपाल सरकारको नीति , कार्यक्रम , आयोजना सञ्चालन गर्ने अग्रणी निकाय हो ।यसको पचहतरै जिल्लाहरूमा क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय / डिभिजन कार्यालय। सब डिभिजन कार्यालय मार्फत कार्यक्षेत्र रहेको छ ।

विभागको सर्वोपरि लक्ष्य नेपाली जनताको जीवनस्तरमा दिगो ढङ्गले उल्लेखनीय रूपमा सुधार ल्याउने हो।

सन् २०१७ सम्ममा नेपाल राज्यभरिका सम्पूर्ण बस्तीहरूमा स्वच्छ खानेपानी तथा जन चेतना अभिवृद्धि सहित सरसफाइ सुविधा समुचित रूपमा उपलब्ध गराउन नेपाल सरकारको नीति तथा कार्यक्रम सञ्चालन गर्ने विभागको कार्य लक्ष्य हो ।

2. विभागका मुख्य-मुख्य कामहरू

खानेपानी तथा ढल निकास विभाग खानेपानी तथा सरसफाइ क्षेत्रको अगुवा निकाय भएको हुँदा यस विभागबाट सञ्चालन गरिने भनि तोकिएका कार्यका अतिरिक्त नेपाल सरकारबाट कुनै निकायबाट सम्पादन गरिने भनि नतोकिएका क्षेत्रगत कार्यहरू समेत यसै विभागबाट सम्पादन गर्ने व्यवस्था रहेको छ । विभागबाट सञ्चालन गरिने मुख्य मुख्य कामहरू निम्नअनुसार छन् :

- खानेपानी तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति निर्माण गर्न सहयोग गर्ने ।
- अल्पकालीन एवं दीर्घकालीन कार्यक्रम तयार गर्ने ।
- क्षेत्र गत निकायहरू बीच संवाद तथा समन्वय गर्ने ।
- खानेपानी तथा सरसफाइ सम्बन्धी जिल्ला गत अभिलेख एवं पार्श्वचित्र तयारी तथा व्यवस्थापन गर्ने ।
- क्षेत्र गत निर्देशिका तयारी एवं कार्यान्वयन गर्ने ।
- तालिम तथा उत्प्रेरणाको माध्यमबाट स्थानीयस्तरमा आवश्यक जनशक्ति उत्पादन गर्ने ।
- जलवायू अनुकूलन एवं उपयुक्त प्रविधि विकास सम्बन्धी अध्ययन एवं अनुसन्धान गर्ने।
- खानेपानी गुणस्तर सम्बन्धी राष्ट्रिय निर्देशिका तयारी एवं पालना गराउने तथा गुणस्तर सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- क्षेत्र गत कार्यक्रम, लगानी एवं उपलब्धि अनुगमन गर्ने ।
- स्थानीय निकायको सेवा सञ्चालन क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय उपभोक्ता एवं राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी सङ्घ/ संस्था परिचालन सम्बन्धी नीति निर्माण एवं कार्यान्वयन गर्ने ।
- बाक्लो बस्ती भएका बसोबास क्षेत्रमा उपयुक्त स्तरको प्रशोधन सहितको ढल प्रणाली विकास एवं व्यवस्थापन सम्बन्धी नीति निर्माण तथा सेवा व्यवस्थापन कार्य सञ्चालनमा स्थानीय निकायको क्षमता अभिवृद्धि गर्ने ।
- सेवा सञ्चालनको लागि उपभोक्ता समिति एवं स्थानीय निकायलाई हस्तान्तरण गरिएका आयोजनाहरूको सञ्चालनमा ती निकायहरूलाई आवश्यक प्राविधिक सहयोग गर्ने ।
- पुराना भै जीर्ण भएका, अर्ध-शहरी तथा ठूला आयोजनाहरूको मर्मत सम्भार एवं पुनर्निर्माण कार्यमा सम्बन्धित उपभोक्ता समिति तथा स्थानीय निकायलाई प्राविधिक सहयोग गर्ने ।
- खानेपानी तथा सरसफाइ सम्बन्धी तालीम सामाग्री विकास, उत्पादन एवं वितरण तथा मध्यमस्तरको जनशक्ति उत्पादनको लागि स्थानीय स्तरका तालीम कार्यक्रम सञ्चालन गर्ने ।
- डीप ट्युबवेल तथा इलेक्ट्रोमेकानिकल कम्पोनेन्ट सहितका आयोजनाको डिजाइन, निर्माण तथा मर्मत सम्भारको लागि राय, सल्लाह र प्राविधिक सहयोग उपलब्ध गराउने ।
- विभाग र अन्तर्गतका कार्यालय व्यवस्थापन, कर्मचारी अभिलेख र जिन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- विभाग तथा अन्तर्गतको सङ्गठन संरचना निर्माण, कर्मचारीहरू मध्ये राजपत्र अनंकित तहको नियुक्ति, सरुवा, बढुवा तथा विभागीय कारबाही गर्ने तथा राजपत्रांकित तहको हकमा नियुक्ति, सरुवा, बढुवा तथा विभागीय कारबाहीको लागि तालुक मन्त्रालयमा सिफारिस गर्ने लगायतका प्रशासनिक कार्यहरू गर्ने ।
- खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालनको लागि बजेट व्यवस्था, बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने, खर्चको अनुगमन तथा नियन्त्रण, बजेट रकमान्तर, बेरुजू फछ्यौट लगायतका आर्थिक प्रशासन सम्बन्धी कार्यहरू गर्ने ।

## 3. निकायमा रहने कर्मचारी

### कार्यालय तथा दरबन्दी तेरिज , खानेपानी तथा ढल निकास विभाग

| पछिल्लो अद्यावधिक मिति : २०७०।०४।२८ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.न. | पदको नाम | श्रेणी तह | सेवा | समूह | उपसमूह | साबिक पद | खुद कायम |
| १ | महानिर्देशक | रा.प.प्र. श्रेणी (प्रा.) | ईञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १ | १ |
| २ | उप महानिर्देशक | रा.प.प्र. श्रेणी (प्रा.) | ईञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | २ | ३ |
| ३ | मुख्य प्रशासकीय अधिकृत | रा.प. द्वि. श्रेणी (प्रा.) | प्रशासन | सा.प्रशासन | | १ | १ |
| ४ | प्रमुख लेखा नियन्त्रक | रा.प. द्वि. श्रेणी (प्रा.) | प्रशासन | लेखा | | १ | १ |
| ५ | सिनियर डिभिजनल इन्जिनियर | रा.प.द्वि. श्रेणी (प्रा.) | ईञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | ९ | १२ |
| ६ | मे.सि.डि.ईञ्जिनियर | रा.प. द्वि. श्रेणी (प्रा.) | ईञ्जिनियरिङ्ग | मेकानिकल | | १ | १ |
| ७ | वरिष्ठ समाज शास्त्री | रा.प.द्वि. श्रेणी (प्रा.) | विविध | | | | १ |
| ८ | इन्जिनियर | रा.प.तृ. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १६ | २८ |
| ९ | मे.ईञ्जिनियर | रा.प.तृ. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | मेकानिकल | जनरल | १ | १ |
| १० | शाखा अधिकृत | रा.प.तृ. श्रेणी(प्र.) | प्रशासन | | | २ | ५ |
| ११ | समाजशास्त्री | रा.प.तृ. श्रेणी(प्रा.) | विविध | | | १ | १ |
| १२ | केमिष्ट | रा.प.तृ. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | केमिष्ट | | १ | १ |
| १३ | कम्प्युटर अधिकृत | रा.प.तृ. श्रेणी(प्रा.) | विविध | | | | १ |
| १४ | लेखा अधिकृत | रा.प.तृ. श्रेणी(प्र.) | लेखा | प्रशासन | लेखा | २ | ३ |
| १५ | पुस्तकालय अधिकृत | रा.प.तृ. श्रेणी(प्रा.) | शिक्षा | लाइब्रेरी साईन्स | | | १ |
| १६ | सव–ईञ्जिनियर | रा.प.अ.प्र. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १२ | ८ |
| १७ | मेकानिकल सव ईञ्जिनियर | रा.प.अ.प्र. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | मेकानिकल | | १ | १ |
| १८ | सिनियर मेकानिक्स | रा.प.अ.प्र. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | | | १ | १ |
| १९ | अ. केमिष्ट | रा.प.अ.प्र. श्रेणी(प्रा.) | केमिष्ट | | | ३ | ३ |
| २० | नायब सुब्बा | रा.प.अ.प्र. श्रेणी(प्र.) | प्रशासन | | | १० | ६ |
| २१ | लेखापाल | रा.प.अ.प्र. श्रेणी(प्र.) | लेखा | प्रशासन | लेखा | ४ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२ | ड्रिलर | रा.प.अ.प्र. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | | | १ | १ |
| २३ | कम्प्युटर अपरेटर | रा.प.अ.प्र. श्रेणी(प्रा.) | विविध | | | ४ | ३ |
| २४ | खा.पा.स.टे.प्रथम | रा.प.अ.प्र. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | | ० |
| २५ | महिला कार्यकर्ता प्रथम | रा.प.अ.प्र. श्रेणी(प्रा.) | विविध | | | | ० |
| २६ | सिनियर टेलिफोन अपरेटर | रा.प.अ.प्र. श्रेणी(प्रा.) | विविध | | | | १ |
| २७ | लाईब्रेरियन | रा.प.अ.प्र. श्रेणी(प्र.) | शिक्षा | लाइब्रेरी साईन्स | | १ | ० |
| २८ | खरिदार | रा.प.अ. द्वी. श्रेणी(प्र.) | प्रशासन | | | ३ | २ |
| २९ | मेकानिक्स | रा.प.अ. द्वि. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | | | | ० |
| ३० | महिला कार्यकर्ता द्वितीय | रा.प.अ. द्वि. श्रेणी(प्रा.) | विविध | | | | ० |
| ३१ | टेलिफोन अपरेटर | रा.प.अ. द्वि. श्रेणी(प्रा.) | विविध | | | २ | १ |
| ३२ | खा.पा.स.टे. द्वि. | रा.प.अ. द्वि. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | | ० |
| ३३ | खा.पा.स.टे.तृ. | रा.प.अ.तृ. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | | ० |
| ३४ | टाइपिस्ट | वेग अनुसार | प्रशासन | | | ३ | ३ |
| ३५ | सवारी चालक (भारी) | श्रेणी विहीन | | | | १ | १ |
| ३६ | सवारी चालक (हलुका) | श्रेणी विहीन | | | | ८ | ८ |
| ३७ | कार्यालय सहयोगी | श्रेणी विहीन | | | | ८ | ८ |
| ३८ | माली | श्रेणी विहीन | | | | १ | १ |
| ३९ | चौकीदार/सुरक्षागार्ड | श्रेणी विहीन | | | | २ | २ |
| जम्मा | | | | | | १०३ | ११३ |
| पुल दरबन्दी | | | | | | | |
| १ | सुपरीटेण्डिङ्ग ईञ्जिनियर | रा.प.प्र. श्रेणी | ईञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | २ | ६ |
| २ | सिनियर डिभिजनल इन्जिनियर | रा.प. द्वि. श्रेणी (प्रा.) | ईञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | ७ | १४ |
| ३ | इन्जिनियर | रा.प.तृ. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | २० | ३२ |
| ४ | सब–ईञ्जिनियर | रा.प.अ.प्र. श्रेणी(प्रा.) | ईञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | २५ | १२ |
| जम्मा | | | | | | ५४ | ६४ |
| कूल जम्मा | | | | | | १५७ | १७७ |

4. कार्य क्षेत्र

नेपाल सरकारको केन्द्रीय स्तरको बजेट रकमबाट बजेट विनियोजन भई सञ्चालन गरिने खानेपानी आपूर्ति, ढल निकास, जन साधन विकास, वातावरणीय अध्ययन, खानेपानी गुणस्तर अनुगमन तथा सुधार र सरसफाइका कार्यक्रमहरू केन्द्रीय स्तरका कार्यक्रमको रूपमा खानेपानी तथा ढल निकास विभाग र अन्तर्गतका निकायहरूबाट सञ्चालन हुनेछन् । स्थानीय आवश्यकता अनुसार साना सरल र प्रचलित प्रविधिमा आधारित आयोजना /कार्यक्रम स्थानीय निकायको श्रोत परिचालन गरी स्थानीय निकायहरूबाट सञ्चालन हुन सक्ने अवस्थामा स्थानीय आवश्यकता र राष्ट्रिय महत्व का केन्द्रीय स्तरका आयोजनाहरू/कार्यहरू खानेपानी तथा ढल निकास विभाग मातहतका निकायहरूबाट देहायका आधारमा सञ्चालन गरिने व्यवस्था भएको छ ।

क) जनसङ्ख्याको हिसाबले पहाडी तथा तराईमा एक हजार भन्दा बढी उपभोक्ता र हिमाली क्षेत्रमा पाँच सय भन्दा बढी उपभोक्ताहरूलाई सेवा सुविधा पुर्याउन सक्ने आयोजनाहरू

ख) खानेपानीको गुणस्तर सुधारको निमित्त पानी प्रशोधन प्रणाली व्यवस्था गरिने आयोजनाहरू

ग) विद्युतिय उपकरणहरूको प्रयोग गरी पानी सङ्कलन वा वितरण गर्ने र अन्य यस्तै सापेक्षिक रूपमा जटिल प्रविधि युक्त आयोजनाहरू

घ) साना शहर र नगरोन्मुख क्षेत्रमा लागत असुलीको अवधारणा राखी सञ्चालन गरिने आयोजनाहरू

ङ) आधुनिक ढल प्रणाली र ढल प्रशोधन सम्बन्धी आयोजनाहरू र सतह ढल निकास सम्बन्धी आयोजनाहरू

च) देशभरिका खानेपानीको गुणस्तर परीक्षण, नियन्त्रण, अनुगमन र निगरानी कार्यसँग सम्बन्धित आयोजनाहरू

छ) तराई क्षेत्रका भूमिगत पानीमा पाइने आर्सेनिक (Arsenic) लगायत अन्य प्रदूषणको परीक्षण, अनुसन्धान एवं प्रशोधन संरचना सम्बन्धी व्यवस्था भएका आयोजनाहरू

ज) जीर्ण भएका ठूला खानेपानी आयोजनाहरूमा प्रशोधन सुविधा समेत समावेश गरी मर्मत सुधार तथा पुन: निर्माण गर्नु पर्ने आयोजनाहरू

झ) वातावरणीय प्रभाव मूल्याङ्कन र दैवी प्रकोप व्यवस्थापन सम्बन्धी कार्य समावेश भएका आयोजनाहरू

ञ) नेपाल सरकारले केन्द्री स्तरबाट सञ्चालन गरिने भनि तोकिएका आयोजनाहरू

हाल यस विभाग तथा अन्तर्गतका कार्यालयहरूबाट सञ्चालित कार्यक्रमहरूको आयोजना माग, सम्भाव्यता अध्ययन, कार्यक्रम तर्जुमा एवं बजेट व्यवस्था सम्बन्धी कार्यहरूमा स्थानीय निकाय एवं उपभोक्ताहरूको प्रत्यक्ष संलग्नता रहने व्यवस्था गरिएको छ । यसै गरी निर्माण कार्य सम्पन्न भएका आयोजनाहरूको सेवा सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य स्थानीय निकाय एवं उपभोक्ता समितिबाट गर्ने गरी आयोजना हस्तान्तरण गर्ने व्यवस्था रहेको छ ।

5. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारी,

| सि. नं. | पद | शाखा/आयोजना | पदाधिकारीको नाम | फोन नं. |
|---|---|---|---|---|
| १ | महा निर्देशक | खानेपानी तथा ढल निकास विभाग | श्री रामदीप साह | ४४१३७४४ |
| २ | उप महा निर्देशक | खानेपानी तथा ढल निकास विभाग | श्री रामलखन मण्डल | ४४१७६०९ |
| ३ | उप महा निर्देशक | खानेपानी तथा ढल निकास विभाग | श्री सुनिल कुमार दास | ४४१९६७० |
| ४ | उप महा निर्देशक | खानेपानी तथा ढल निकास विभाग | श्री ज्योति कुमार श्रेष्ठ | ४००६५१७ |
| ५ | आयोजना प्रमुख | खानेपानी तथा सरसफाइ सह–लगानी आयोजना | श्री ज्योति कुमार श्रेष्ठ | ४००६५१७ |
| ६ | आयोजना प्रमुख | सुक्खा क्षेत्र खानेपानी तथा सरसफाइ आयोजना | श्री मीना श्रेष्ठ | ४४२१३९५ |
| ७ | आयोजना निर्देशक | दोस्रो / तेश्रो साना सहरी खानेपानी तथा सरसफाइ आ. | श्री तिरेश खत्री | ४४२२२३१ |
| ८ | मुख्य प्रशासकीय अधिकृत | प्रशासन शाखा | श्री बोम बहादुर कार्की | ४००६६२१ |
| ९ | प्रमुख लेखा नियन्त्रक | आर्थिक प्रशासन शाखा | श्री विष्णुराज ढकाल | ४७८२४०९ |
| १० | शाखा प्रमुख (सि.डि.ई.) | योजना तथा बेदेशिक सहयोग शाखा | श्री दिपक पुरी | ४००६६५१ |
| ११ | शाखा प्रमुख (सि.डि.ई.) | कार्यक्रम अनुगमन तथा मूल्याङ्कन शाखा | श्री उज्वल प्रजापति | ४००६५९३ |
| १२ | शाखा प्रमुख( सि.डि.ई.) | वातावरणीय सरसफाइ शाखा | श्री उमाशंकर जोशी | ४००६६६७ |
| १३ | वरिष्ठ समाज शास्त्री | सामुदायिक परिचालन शाखा | श्री प्रेमनिधि के.सी. | ४००६६३४ |
| १४ | शाखा प्रमुख (सि.डि.ई.) | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन शाखा | श्री हिम प्रसाद गौतम | ४४१९१९२ |
| १५ | शाखा प्रमुख( सि.डि.ई.) | इलेक्ट्रोमेकानिकल शाखा | श्री विपिन कुमार ठाकुर | ४००६६१६ |
| १६ | निर्देशक | राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र | श्री राजीव घिमिरे | ४४२२०१३ |
| १७ | शाखा प्रमुख (सि.डि.ई.) | खानेपानी गुणस्तर सुधार शाखा | श्री सुर्दशन भण्डारी | ४००६६३३ |
| १८ | शाखा प्रमुख( सि.डि.ई.) | जलवायु अनुकूलन तथा उपयुक्त प्रविधि शाखा | श्री उज्वल प्रजापति | ४००६५३२ |
| २० | शाखा प्रमुख (सि.डि.ई.) | मर्मत पुनर्स्थापन शाखा | श्री शंकर प्रसाद जयसवाल | ४००६६२२ |
| २१ | शाखा प्रमुख (सि.डि.ई.) | विपद् जोखिम व्यवस्थापन शाखा | श्री रजित ओझा | ४००६६३४ |

6. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,

नेपाल सरकारले विभागबाट सञ्चालन हुने भनी तोकिएका कार्यक्रम / आयोजनाहरू (सिरियल १७ मा उल्लिखत गरिएका आयोजना ।कार्यक्रम समेत) यस विभागबाट सञ्चालन हुने भएकोले क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय, डिभिजन / सब डिभिजन कार्यालय हरू मार्फत आयोजना /कार्यक्रम सञ्चालनको लागि माग प्राप्त भए अनुसार सरकारको नीति निर्देशन बमोजिम आयोजना कार्यक्रम कार्यान्वयन हुने ।

पाँचवटा क्षेत्रीय पानी परीक्षण प्रयोगशालाहरू (पोखरा, चितवन, इटहरी, धनगडी, नेपालगन्ज) तथा केन्द्रीय पानी परीक्षण प्रयोगशाला पानीपोखरी काठ्माण्डौ बाट सर्वसाधारणहरूलाई "खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालन तथा सेवा शुल्क असुली आन्तरिक निर्देशिका , २०६८" मा शुल्क तोकिए बमोजिमको दस्तुर तिरी खानेपानी परीक्षण गरिने व्यवस्था रहेको ।

7. निर्णय गर्ने प्रक्रिया र अधिकार,

आयोजना। शाखा सङ्ग सम्बन्धित विषयहरू सम्बन्धित शाखा र आयोजनाहरूबाट र विभागीय स्तरको निर्णय उप महानिर्देशक तथा महानिर्देशक बाट हुने ।

8. निर्णय उपर उजुरी सुन्ने अधिकारी,

उप महानिर्देशक तथा महानिर्देशक बाट ।

9. सम्पादन गरेको कामको विवरण,

चालू आ.व. को प्रगति मा उल्लेख छ ।

10. सूचना अधिकारी र प्रमुखको नाम र पद,

निकाय प्रमुख : महानिर्देशक श्री रामदिप साह

सूचना अधिकारी : सि.डि.ई श्री उज्वल प्रजापति

11. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

जलश्रोत ऐन २०४९
जलश्रोत नियमावली २०५०
खानेपानी नियमावली २०५५
ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति २०६०
ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ सम्बन्धी राष्ट्रिय रणनीति २०६०
ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ क्षेत्रगत रणनीतिक कार्य योजना २०६०
खानेपानी गुणस्तर मापदण्ड २०६२
शहरी खानेपानी तथा सरसफाइ नीति २०६६
सरसफाइ गुरुयोजना २०६८
खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालन तथा सेवा शुल्क असुली आन्तरिक निर्देशिका , २०६८"
खानेपानी सेवा सञ्चालन निर्देशिका २०६९
खानेपानी सेवा सञ्चालन कार्यविधि २०७०
सुख्खा क्षेत्र खानेपानी तथा सरसफाइ आयोजना आयोजना कार्यान्वयन निर्देशिका२०७१
सहलगानी खानेपानी तथा सरसफाइ ,आयोजना, आयोजना कार्यान्वयन निर्देशिका २०७२

12. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण,

सि.नं "१७.सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन" मा हेर्नुहोला

13. तोकिए बमोजिमका अन्य विवरण ।

**14.** अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,
आ.व. ०७०।७१ मा सञ्चालित कार्यक्रम आयोजनाहरू

| क्र सं | बजेट उ.शी नं | कार्यक्रम आयोजनाको नाम |
|---|---|---|
| १ | | २ |
| १ | ३४७१६६ -३/४ | वातावरणीय सरसफाइ आयोजना |
| २ | ३४७१६७ -३।४ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना |
| ३ | ३४७१६८ -३/४ | खानेपानी सेवा नियमन तथा पुनर्स्थापन कार्यक्रम |
| ४ | ३४७१६९ -३/४ | डिप टयूवेल आयोजना (मर्मत सुधार) |
| ५ | ३४७१७० -३/४ | जन साधन विकास कार्यक्रम |
| ६ | ३४७१७१ -३/४ | खानेपानी गुणस्तर सुधार कार्यक्रम |
| ७ | ३४७१७५ -३/४ | जलवायु परिवर्तन प्रभाव न्यूनिकरण तथा उपयुक्त प्रविधि प्रवर्द्धन आयोजना |
| ८ | ३४७१७७ -३/४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम |
| ९ | ३४७१७९ -३/४ | दोस्रो साना शहरि खानेपानी तथा सरसफाइ आयोजना |
| १० | ३४७३१८ -३/४ | खानेपानी तथा सरसफाइ सह-लगानी आयोजना |
| ११ | ३४७३१९ -३/४ | सुक्खाक्षेत्र (रामेछाप बृहत,पकरवास,तिमाल र यासोक) खानेपानी तथा सरसफाइ आयोजना |
| १२ | ३४७८०१ -३/४ | ग्रामीण खानेपानी आयोजना |
| १३ | ३४७८०२ -३/४ | खानेपानी तथा सरसफाइ कार्यक्रम |
| १४ | ३४७०१८ -३/४ | खानेपानी तथा ढल निकास विभाग |

15. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण,
www.dwss.gov.np

**16.** सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण , अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

आ.व. २०७१।७२

| सि.नं. | आयोजनाको नाम | दातृ संस्था | आयोजनाको लागत (रू.) हजारमा | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | वैदेशिक | नेपाल सरकार | जम्मा | |
| १ | दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना | ADB | ४६६८४१।- | २६२७२८।- | ७२७५६९।- | |
| २ | तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना | ADB | ६१४५५२।- | १०६५४६।- | ७२१०९८।- | |
| ३ | वातावरणीय सरसफाइ कार्यक्रम | UNICEF,WHO | UNICEF-८३३९९।-, WHO-४३२९।- | २३९७५५।- | ३२७४८३।- | |
| ४ | खानेपानी गुणस्तर शाखा | UNICEF | १२७५०।- | १८७३९७।- | २००१४७।- | |
| ५ | राष्ट्रिय सूचना व्यवस्थापन अनुगमन शाखा | UNICEF | ४०००।- | ८९३५।- | १२९३५।- | |
| ६ | राष्ट्रिय खानेपानी तथा प्रशिक्षण केन्द्र | UNICEF | ६०००।- | १८७४०।- | २४७४०।- | |
| ७ | जलवायु अनुकूलन तथा उपयुक्त प्रविधि शाखा | - | - | ३५५३१।- | ३५५३१।- | |
| ८ | खानेपानी सेवा नियमन तथा पुर्न स्थापना कार्यक्रम | UNICEF | १२८००।- | १५४५५४।- | १६७३५४।- | |
| ९ | ग्रामीण खानेपानी आयोजना | Swiss HELVETAS | २००००।- | - | २००००।- | हेल्भेटासबाट कार्यान्वयन गरिने |
| १० | खानेपानी तथा सरसफाइ कार्यक्रम | IDA , SAARC, UNICEF | SAARC-३१८५०, UNICEF-५९८००।-, IDA-७५००००/- | २८६७६१२। | ३७०९२६२।- | |

**17.** सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

खानेपानी तथा ढल निकास वभाग

आ ।व २०७१/ ७२ (रकम रू हजारमा)

| क्र सं | बजेट उ=शी नं | कार्यक्रम आयोजनाको नाम | वार्षिक बजेट | वार्षिक प्रगति प्रतिवेदन | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतक प्रगति (%) | बजेट | खर्च | वित्तिय प्रगति प्रतिशत | |
| १ | | २ | ३ | | | | | १० |
| १ | ३४७१६६ -३/४ | वातावरणिय सरसफाई आयोजना | ३२७४८३ | ९१.०० | ३२७४८३ | २५९७८३ | ७९.३३ | सबै सरोकारवालाहरूको संयुक्त पहलमा चालू आ.व. मा २९८ गाविस,५९ गोटा न.पा., १२ जिल्लाहरू खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भएको ।(कूल १८१४ गाविस, ७६ नपा,२७ जिल्लाहरू खुल्ला दिसा मुक्त क्षेत्र घोषित) |
| २ | ३४७१६७ -३।४ | राष्ट्रिय सुचना व्यवस्थापन तथा अनुगमन आयोजना | ११८११ | ९२.४७ | ११८११ | ८२६२.८३ | ६९.९६ | खानेपानी तथा सरसफाइ सम्बन्धी अध्यावधिक तथ्याङ्क सन् २०१४ मा सार्वजनिक गरिएको ।चालू आ.व. को तथ्याङ्क सङ्कलन भइरहेको |
| ३ | ३४७१६८ -३/४ | खानेपानी सेवा नियमन तथा पुनर्स्थापन कार्यक्रम | १६७३५४ | ९४.२० | १६७३५४ | १५७६३४ | ९४.१९ | क्षतिग्रस्त ५३४ वटा आयोजनाहरूमा मर्मत सुधार गरिएको । |
| ४ | ३४७१६९ -३/४ | डिप टयूवेल आयोजना (मर्मत सुधार) | ३१६७६ | ९५.३८ | ३१६७६ | २८११८.७९ | ८८.७७ | विभिन्न आ. हरुमा पम्प तथा पानल बोर्डहरू, ट्रान्सफरमर सप्लाइ तथा जडान, चारवटा आयोजनाहरूमा सोलार पम्प जडान । |
| ५ | ३४७१७० -३/४ | जनसाधन विकास कार्यक्रम | २४७४० | ७२.७६ | २४७४० | १८००० | ७२.७६ | विभिन्न Pipe testing, NRW, TOT on SLTS, plumbing, Loop system Design for Engg, O&M for meter readers, WOP,Post ODF, E-bidding, लगायतका २७ वटा तालिमहरू सम्पन्न भइ ८०० जना ले तालिम प्राप्त गरेको । |
| ६ | ३४७१७१ -३/४ | खानेपानी गुणस्तर सुधार कार्यक्रम | १९८१४७ | ९२.९३ | १९८१४७ | १६५९६४ | ८३.७६ | विभिन्न ३२ वटा पानी प्रशोधन प्रणालीको निर्माणाधिन भइरहेकोमा २ वटा आ. हरू सम्पन्न भई १६१९६ उपभोक्ताहरू लाभान्वित ।आर्सेनिक सुरक्षित खा.पा.आ.( OHT, ट्यूववेल) निर्माण भइ ४११९ जनसङ्ख्या लाभान्वित। चालू आव मा ३०० वटा आ. हरूमा WSP सञ्चालन भएको ।कन्द्रिय प्रयोगशाला (पानीपोखरो, काठमाण्डौ) तथा ५वटा क्षेत्रीय प्रयोगशालाहरु ( सुनसरी, कास्की, चितवन, बाँके र कैलाली) बाट नेपाल सरकारले निर्धारण गरेको महसुल दस्तुर लिइ सर्वसाधारणलाई पानी परिक्षणको सेवालाई निरन्तर्ता दिईएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ३४७१७५ -३/४ | जलवायु परिवर्तन प्रभाव न्यूनिकरण तथा उपयुक्त प्रविधि प्रबर्द्धन आयोजना | ३५५३१ | ९४.०३ | ३५५३१ | ३१२०५ | ८७.८२ | २० वटा सरकारी विद्यालयमा नमुना आयोजनाहरू र ८ वटा सामुदायिक बर्षातको पानी सङ्कलन आयोजनाहरूबाट ९८००विद्यार्थी तथा २१०० उपभोक्ताहरू लाभान्वित भएको। |
| ८ | ३४७१७७ -३/४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ४४६९५ | ८७.१२ | ४४६९५ | ३६९८४ | ८२.७५ | विभिन्न १० वटा आयोजनाहरू सञ्चालनमा रहेको । |
| ९ | ३४७१७९ -३/४ | दोश्रो साना शहरि खानेपानी तथा सरसफाइ आयोजना | १०८९०५ ७.५ | ९३.५८ | १०८९०५ ७.५ | ९०५०३२ | ८३.१० | २१ वटा आयोजनाहरू सञ्चालनमा रहेकोमा गत आ.व.मा करैया मक्रहर आ. सम्पन्न भएको तथा १ लाख ९ हजार जनसङ्ख्या आंशिक रूपमा लाभान्वित भएकोमा चालु आ.व.मा १० वटा आयोजनाहरू सम्पन्न भइ कूल १९६,००० उपभोक्ताहरू लाभान्वित भएको ।बाँकी १० वटा आयोजनाहरू सञ्चालनमा रहेको । |
| १० | ३४७३१८ -३/४ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्म | २२१५३४ | ९१.४८ | २२१५३४ | १९१९८३ | ८६.६६ | ७ वटा आयोजनाहरू निर्माणाधिन रहेको । बाँकी ७ वटा आयोजनाहरूको डी पी आर तयार हुने क्रममा रहेको । ९ आयोजनाहरूको Feasibility Study भएको । |
| ११ | ३४७३१९ -३/४ | सुक्खाक्षेत्र (रामेछाप बृहत,पकरवास, तिमाल र यासोक) खानेपानी तथा सरसपफाइ आयोजना | २२८५७ | ७७.८० | २२८५७ | १०७७३.६ ४ | ४७.१३ | तिमाल वृहत, पकरवास र यासोकको बोलपत्र आब्हान भएको ।रामेछाप वृहत मा डिजाइन भेरिफिकेशन कार्य भैरहेको । ।आयोजना कार्यान्वयन निर्देशिका २०७१ स्विकृत भएको । |
| १२ | ३४७३५९ -३/४ | तेश्रो साना शहरि खानेपानी तथा सरसफाइ आयोजना | ७२१०९८ | ५४.२७ | ७२१०९८ | १८१३७९ | २५.१५ | ७ वटा नगर आयोजनाहरुमा निर्माण कार्य भई रहेको ।<br>२ वटा नगर आयोजनाहरुमा टेण्डर मुल्याङ्कन भई रहेको ।३ वटा नगर आयोजनाहरुमा विस्तृत डिजाइन भईरहेको ।अन्य आयोजनाहरुको अध्ययन भई रहेको । |
| १३ | ३४७८०१ -३/४ | ग्रामीण खानेपानी आयोजना | २०००० | १०० | २०००० | २०१०४ | १००.५२ | १८ वटा आयोजनाहरू र ३ वटा श्रोत संरक्षण आयोजनाहरू सम्पन्न भइ ७८८५ उपभोक्ताहरू लाभान्वित भएको । |
| १४ | ३४७८०२ -३/४ | खानेपानी तथा सरसफाइ कार्यक्रम | ४६४०४६ | ९२.९३ | ४६४०४६ | ४२३६९८ ७ | ९१.३१ | सम्पन्न १३८ वटा आयोजना र क्रमागत आयोजनाहरूको सम्पन्न केही स्किमहरु बाट थप ३ लाख २४ हजार जना लाभान्वित भएका छन् तथा ४२ हजार उपभोक्ताहरू सुधार विस्तार आयोजनाहरूबाट लाभान्वित भएका छन् । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | ३४७८०५ -३/४ | उच्च /मध्यमस्तरिय ठूला खानेपानी आयोजनाहरू | ७२९९८७ | ९१.०० | ७२९९८७ | ६४९८०६ | ८९.०२ | ४ वटा आयोजनाहरू सम्पन्न भइ सम्पन्न आ. तथा स्किमहरूबाट २६ हजार जनसङ्ख्या लाभान्वित भएको । |
| १६ | ३४७०१८ -३/४ | खानेपानी तथा ढल निकास विभाग | ११०५७५ | ८५.१६ | ११०५७५ | ७९१७८ | ७१.६१ | नयाँ भवनको निर्माण भइरहेको । |

**18.** सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

सूचनाको हक सम्बन्धी ऐन २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली बमोजिम हुने ।

**19.** सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निबेदन र सो उपर सूचना दिइएको विवरण

| विवरण | विषय | सूचना दिइएको विवरण |
|---|---|---|
| निवेदक कुमार बाबु श्रेष्ठ | सूचना पाउँ भन्ने बारे । | निजलाई मिति२०७२।०२।०८, प.सं २०७१।७२. च.नं ४५का.अ.शा को पत्रबाट सम्बन्धित शाखालाई सो सूचना उपलब्ध गराउन पत्र लेखि विवरण प्राप्त गर्न निजलाई माइलबाट मौखिक जानकारी गराइएको । |
| निवेदक विश्वनिति प्रकाशमान सिह पाख्रिन मिति २०७२।०३।१० | सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि पाउँ भन्ने बारे । | निजलाई मिति२०७२।०३।१६, प.सं २०७१।७२. च.नं "५०का.अ.शा" को पत्रबाट विवरण प्राप्त गर्न जानकारी गराइएको । |
| निवेदक विश्वनिति प्रकाशमान सिह पाख्रिन मिति २०७२।०३।३१ | सूचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम सूचना उपलब्ध नगराउने त्यस कार्यालयको सूचना अ. उपर कानुन बमोजिम कार्बाहि गरी माग गरिएका सूचनाहरूको प्रमाणित प्रतिलिपि उपलब्ध गराइ पाउ भन्ने बारे उजुरी निबेदन । | निजलाई मिति२०७२।०४।१०, प.सं २०७२।७३. च.नं "०१का.अ.शा" को पत्रबाट विवरण प्राप्त गर्न जानकारी गराइएको । |
| | | |

**20.** सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ।

श्री सहरी विकास मन्त्रालय

सिंहदरवार, काठ्माण्डौ

www.moud.gov.np